बागमती प्रदेश सरकार
पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय


# घरेलु तथा साना उद्योग कार्यालय


०१–४२६१४५० (प्रमुख)
०१–५३५११५७ (लेखा)
०१–४२६३८६२ (सूचना अधिकारी)
त्रिपुरेश्वर, काठमाडौं ।


## तालिमका लागि प्रशिक्षार्थी छनौटको सूचना ।

(प्रथम पटक प्रकाशित मितिः२०७९/१०/२७)

यस कार्यालयको लागि आ.व.२०७९/८० को स्वीकृत कार्यक्रम तथा बागमती प्रदेश सरकार सीप विकास तालिम संचालन कार्यविधि २०७९ को अधिनमा रही तपशिल बमोजिमका तालिमहरू संचालन गर्न लागिएकोले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (**अन्तिम मिति २०७९ फाल्गुण १८ गते**) भित्र (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) तालिम लिन ईच्छुक व्यक्ति वा समूहले आवश्यक कागजात सहित यस कार्यालयमा उपस्थित भई वा अनलाईन (https://docs.google.com/forms/d/1PAllAgugfKPTH-37v0EIfBUqgCansN7kUUSstHhKMGk/edit) (संलग्न QR Code) मा तोकिएको ढाँचामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | तालिमको विषय | लक्षित समूह |
|---|---|---|
| १. | सिलाईकटाई एड्भान्स (२ महिना) (आधारभूत तालिम लिएको हुनुपर्ने) | १. आर्थिक रुपले विपन्न सीमान्तकृत पिछडिएका अल्पसङ्ख्यक<br>२. उद्यम गर्न तत्पर बेरोजगार व्यक्तिहरू<br>३. उद्यमलाई प्रभावकारी रुपमा संचालन गर्न चाहने लघु घरेलु तथा साना उद्यमीहरू<br>४. परम्परागत रुपमा रहेको सीपलाई आधुनिक प्रविधिमैत्री बनाई व्यवसायिक दक्षता अधिवृद्धि गराउन चाहने व्यक्तिहरू,<br>५. वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिहरू |
| २. | आधारभूत सिलाई कटाई (महिलामात्र) (३ महिना) | |
| ३. | नौमति बाजा (महिलामात्र) (२ महिना) | |
| ४. | हाउस वायरिङ्ग (ईलेक्ट्रिक) (२ महिना) | |
| ५. | मोबाईल मर्मत (२ महिना) | |
| ६. | कम्प्युटर (हार्डवेयर) मर्मत (२ महिना) | |
| ७. | कफी वारिष्टा (१५ दिन) | |
| ८. | कृष्टलका गहना (१५ दिन) | |
| ९. | अचार बनाउने (७ दिन) | |
| १०. | मखमली जुत्ता चप्पल (१ महिना) | |
| ११. | हस्तकला सम्बन्धी सीपमूलक तालिम | |
| १२. | अपांगता भएका व्यक्तिका लागि सीपमूलक तालिम | |

क) छनौट प्रकृयाः पेश भएका आवेदनहरू मध्ये आवेदनको व्यहोरा, संलग्न कागजात र टेलिफोन अन्तरवार्ता समेतको आधारमा कार्यालयले निर्धारण गर्न सक्नेछ ।

ख) तालिम अवधिः स्वीकृत बजेटको परिधिभित्र रही थपघट गर्न सकिनेछ ।

ग) पेश गर्नुपर्ने कागजातहरुः नागरिकताको प्रतिलिपि, लक्षित समूहमा परेको भए सोको प्रमाण, स्थानीय तहमा दर्ता भएका समूहले तालिम लिने भए निवेदन सहित वडा कार्यालयको सिफारिस ।

घ) प्राथमिकताः लक्षित समुहमा पर्ने व्यक्तिहरूलाई विशेष प्राथमिकता दिइने

ङ) तालिम संचालन हुने मिति र स्थानः काठमाण्डौं जिल्लाभित्र (यकिन स्थान र मिति पछि प्रकाशन गरिनेछ) ।

च) सि.नं. ११ र १२ को हकमाःलघु, घरेलु, साना उद्योगका संघसंस्थाको समन्वयमा तालिम पहिचान गरिने ।

छ) प्रशिक्षार्थीहरूले पाउने सुविधाः छनौट भई तालिममा सहभागी प्रशिक्षार्थीलाई परिवहन खर्च बापत एकमुष्ठ रु ५००।– र खाजा खर्च प्रति व्यक्ति प्रति दिन रु १००।– उपलब्ध गराइनेछ ।